तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
☎: ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
ई-मेल: ito.tansenmun@gmail.com
info@tansenmun.gov.np

चलानी नं. ९५
पत्र संख्या : ०८०/०८१

मिति : २०८०।०४।०३

## सहकारी संस्थाका ऋणी शेयर सदस्यहरुलाई ऋण चुक्ता गर्ने बारेको सूचना

तानसेन नगरपालिकाको नियमन क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुबाट ऋण लिई तोकेको समय भित्र ऋणको सावाँ, ब्याज भुक्तान नगर्ने सदस्यहरुलाई संस्थाले पटक पटक ऋण चुक्ताको लागि ताकेता गर्दा पनि अटेर गरी ऋणको साँवा, ब्याज नतिर्दा बचतकर्ता शेयर सदस्यहरुको रकम फिर्ता गर्न केहि सहकारी संस्थाहरुलाई समस्या परेको पाइएको छ । संस्थामा सदस्यहरुले बचत गरेको रकमबाट नै सदस्यहरुलाई कर्जा प्रवाह गरिने हुँदा ऋणी सदस्यले आफूले लिएको ऋणको सावाँ, ब्याज समयमै नबुझाँउदा समस्या पैदा हुनु स्वभाविक हुन्छ । ऋण चुक्ताको सम्बन्धमा विभिन्न सामाजिक सञ्जालहरुमा सहकारीको ऋण तिर्नु नपर्ने वा नतिरे पनि हुन्छ भन्ने जस्ता गैरजिम्मेवारीपूर्ण अभिव्यक्तिहरु समेत सुनिन आएको छ। जुन स्वयं ऋणीहरुको लागि समेत प्रतिउत्पादक हुन्छ। ऋण लिएपछि तिर्नु पर्दैन भन्ने कुरा नेपालको प्रचलित ऐन, कानून बिपरित हुन्छ। तानसेन नगरपालिकाको सहकारी ऐन, २०७४ को दफा ६१ बमोजिम कसैले संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी बाँकी राखेमा त्यस्ता रकम र सोको ब्याज समेत दर्ता गर्ने अधिकारी (प्रमुख प्रशासकीय अधिकृत) ले त्यस्तो व्यक्तिको जायजेथाबाट असुल उपर गरिदिन सक्नेछ भन्ने व्यवस्था छ भने दफा ६२ मा दर्ता गर्ने अधिकारीले दफा ५८ र ६१ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखि पठाउन सक्ने व्यवस्था समेत रहेको हुँदा ऋणीले संस्थामा जे सम्झौता वा सर्त वा कबुलियत गरी ऋण लिएको हो सोहि बमोजिम समयमै आफूले लिएको ऋणको साँवा, ब्याज रकम चुक्ता गरी सहकारीमा देखिएको समस्या समाधानको लागि सहयोग गरिदिनु हुन सबै ऋणी सदस्यहरुलाई सूचित गरिन्छ। यदी सहकारी संस्थाका ऋणी सदस्यहरु कसैले ऋण नतिरेको खण्डमा वा तिर्न आनाकानी गरेको खण्डमा कुनै पनि उन्मुक्ति पाउँदैन र उक्त रकम सरकारी बाँकी सरह रहने र सरकारी बाँकी सरहको रकम तीन पुस्ताबाट असुल उपर हुने व्यहोरा समेत जानकारी गराइन्छ।

..............................
दुर्गा बहादुर थापा
नि.प्रमुख प्रशासकीय अधिकृत
निमित्त प्रमुख प्रशासकीय अधिकृत



CamScanner